ललितपुर महानगरपालिका

Lalitpur Metropolitan City

# ३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल ।

अफिस फोन नं.: ५५२८१८८/९८५१२३६९४८

www.lmcityward3.com, Facebook: ललितपुर महानगरपालिका वडा नं. ३



# आ.व. ०७४/०७५ देखि ०७६/०७७ सम्मको
# ३ वर्षे समिक्षात्मक पुस्तिका

## ३ नं. वडा समितिका पदाधिकारीहरुको नामावली

| | | |
|---|---|---|
| वडा अध्यक्ष | श्रीगोपाल महर्जन | ९८५१०९२९४८ |
| वडा सदस्य | गणेश कुमार रजक | ९८४१३५९१०२ |
| वडा सदस्य | रुपेश थापा | ९८४१६९९३४१ |
| महिला सदस्य | मिलन महर्जन | ९८४१७२७५०७ |
| महिला सदस्य | रञ्जु तोलाङ्गी | ९८०६७४७७९१ |




सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

**नेपालको संविधान, २०७२ को धारा ४८ मा**

क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

ख) संविधान र कानुनको पालना गर्नु,

ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

## २०७४ साल बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा अभिव्यक्त गरेका हाम्रा प्रतिवद्धताहरू

१. वडा भवन निर्माण,
२. वडाका हरेक कार्यमा सुशासन र पारदर्शिता,
३. आवश्यक पूर्वाधार विकास कार्यलाई निरन्तरता,
४. मूर्त, अमूर्त पुरातात्विक सम्पदाहरुको संरक्षण,
५. बैज्ञानिक तरिकाद्वारा वडा तथ्याङ्कको संकलन, संरक्षण र घर नम्बर वितरण,
६. "जनता नेताको सेवामा होइन, जनताको सेवामा नेता" कार्यक्रमको थालनी
७. सार्वजनिक जग्गाको संरक्षण,
८. वडा स्तरीय फोहोर मैला संकलन कार्यक्रमको थालनी,
९. युवा रोजगार तथा अभिमुखिकरण कार्यक्रम,
१०. स्वच्छ सफा र हरियाली वडा बनाउने अभियानको थालनी,
११. आकाशे पानी संकलन कार्यक्रम,
१२. सार्वजनिक र निजी साझेदारी कार्यक्रमको थालनी,
१३. गुणस्तरीय शिक्षा र स्वास्थ्य कार्यक्रमसँग रोजगारीको लागि वडा स्तरीय संस्थाहरुमा पहल गर्ने,
१४. टोल टोलको योजना वडाबाट कार्यान्वयनको थालनी,
१५. वडा अध्यक्ष सम्पदा कोषको स्थापना,
१६. महिला सीप विकासका लागि महिला सीप जागरण ऋण कोषको स्थापना,
१७. वडाको शान्ति सुरक्षाको लागि जनचेतना कार्यक्रम,
१८. चन्दा आतंकलाई निरुत्साहित गर्ने,
१९. शिक्षामा सामाजिकरण र एक घर एक रोजगारको लागि पहल,
२०. कौसी खेती तालिम र
२१. महिला हिंसा विरुद्ध कार्यक्रम ।

**मतलाई सम्मान गरौं, कामलाई मूल्यांकन गरौं ।**

# नेपालको संविधान

नेपाल राजपत्रमा प्रकाशन मिति
२०७२।०६।०३

संशोधन
प्रमाणीकरण र प्रकाशन मिति

| | |
|---|---|
| १. नेपालको संविधान (पहिलो संशोधन), २०७२ | २०७२।११।१६ |
| २. नेपालको संविधान (दोस्रोसंशोधन), २०७७ | २०७७।०३।०४ |

**प्रस्तावना**

हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता;

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात्गर्दै;

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै;

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात्गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;

जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न;

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं ।

# भाग-३

## मौलिक हक र कर्तव्य

१६. **सम्मानपूर्वक बाँच्न पाउने हक :**

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।

१७. **स्वतन्त्रताको हक :**

(१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाइबीचको सु-सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा संघीय इकाइ बीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिंगको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा मनासिब

प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिनेछैन ।

१८. **समानताको हक :**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

१९. **सञ्चारको हक** :

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

२०. **न्याय सम्बन्धी हक :**

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ । तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

**स्पष्टीकरण** : यस उपधाराको प्रयोजनका लागि “कानून व्यवसायी” भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

२१. **अपराध पीडितको हक :**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

२२. **यातना विरुद्धको हक :**

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२३. **निवारक नजरबन्द विरुद्धको हक :**

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।

(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२४. **छुवाछूत तथा भेदभाव विरुद्धको हक :**

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२५. **सम्पत्तिको हक :**

(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन

सक्नेछ । **स्पष्टीकरण :** यस धाराको प्रयोजनका लागि "सम्पत्ति" भन्नाले चल अचल लगायत सबै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

२६. **धार्मिक स्वतन्त्रताको हक** :

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

२७. **सूचनाको हक :** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

२८. **गोपनीयताको हक :** कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

२९. **शोषण विरुद्धको हक :**

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३०. **स्वच्छ वातावरणको हक :**

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

३१. **शिक्षा सम्बन्धी हक :**

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउनेहक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

३२. **भाषा तथा संस्कृतिको हक :**

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नोसमुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

३३. **रोजगारीको हक :**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

३४. **श्रमको हक :**

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

३५. **स्वास्थ्य सम्बन्धी हक :**

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

३६. **खाद्य सम्बन्धी हक :**

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

३७. **आवासको हक :**

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

३८. **महिलाको हक :**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

३९. **बालबालिकाको हक :**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४०. **दलितको हक :**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

४१. **ज्येष्ठ नागरिकको हक :** ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

४२. **सामाजिक न्यायको हक :**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई "समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउनेहक हुनेछ ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

४३. **सामाजिक सुरक्षाको हक :** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

४४. **उपभोक्ताको हक :**

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४५. **देश निकाला विरुद्धको हक** : कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

४६. **संवैधानिक उपचारको हक :** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ । ″पहिलो संशोधनद्वारा संशोधित ।

४७. **मौलिक हकको कार्यान्वयन :** यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ ।

४८. **नागरिकका कर्तव्य :** प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन्:-

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,

(ग) राज्यलेचाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।


आफ्नो घर आँगन आफै सफा राखौं ।

"फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी श्रोतमै न्यूनीकरण पश्चात मात्र संकलकलाई दिने बानी बसालौं ।"

आफूलाई मन नपर्ने फोहोर कसलाई मन पर्छ र ?

त्यसैले

जथाभावी फोहोर फालेको भेटीएमा,

फुटपाथ अवरोध र अतिक्रमण गरेमा,

उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची नभएमा

स्वीकृति नलिई व्यवसाय वा विज्ञापन गरेमा

कानून बमोजिम कडा कारवाही हुने व्यहोरा

जानकारी गराईन्छ ।

"भूकम्प प्रतिरोधात्मक घर बनाऔं, निर्माण सम्पन्न प्रमाणपत्र लिने गरौं ।"

**"सोच बदल्न सके आफू बदलिन्छ, आफू बदलिए समाज बदलिन्छ ।"**

**आफ्नो अधिकार माग्दा कर्तव्य भुल्नु हुँदैन ।**

# भाग-१७

## स्थानीय कार्यपालिका

२१४. **स्थानीय तहको कार्यकारिणी अधिकार :**

(१) स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ ।

(२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ ।

(४) गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ ।

(५) उपधारा (४) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुनेछ ।

२१६. **नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिमको नगर कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन् ।

(३) प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुनेनिर्वाचन प्रणाली बमोजिम गर्ने छन् ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "प्रमुख र उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख सम्झनु पर्छ ।

(४) धारा २२३ बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने छन् ।

(५) देहायको योग्यता भएको व्यक्ति प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(६) **प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।**

(७) **प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।**

(८) देहायको कुनै अवस्थामा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ :-

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुखले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा ।

(९) प्रमुख वा उपप्रमुखको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (८) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ

२१७. **न्यायिक समिति :**

(१) कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहनेछन् ।

२१८. **गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन :** गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

२१९. **स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था :** यस भागमा लेखिए देखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था यस संविधानको अधीनमा रही संघीय कानून बमोजिम हुनेछ ।

## भाग-१८
## स्थानीय व्यवस्थापिका

२२१. **स्थानीय तहको व्यवस्थापिकीय अधिकार** :

(१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ।

(२) गाउँ सभा र नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ।

२२३. **नगर सभाको गठन :**

(१) प्रत्येक नगरपालिकामा एक नगर सभा रहनेछ।

(२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन्।

(३) उपधारा (१) बमोजिम गठन हुने नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ।

(४) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ। त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ।

(५) अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ।

(६) देहायको योग्यता भएको व्यक्ति नगर सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको।

(७) नगर सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

२२४. **गाउँ सभा र नगर सभाको अध्यक्ष र उपाध्यक्ष :** गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँ सभा र नगर सभाको पदेन अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्नेछ।

२२५. **गाउँ सभा र नगर सभाको कार्यकाल :** गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ । त्यस्तो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

२२६. **कानून बनाउन सक्ने :**

(१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

२२७. **गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था :** गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

## भाग-१९
## स्थानीय आर्थिक कार्यप्रणाली

२२८. **कर लगाउन वा ऋण लिन नपाइने :**

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

२२९. **स्थानीय सञ्चित कोष :**

(१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

२३०. **गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान :**

(१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।



# नेपाल नागरिकता नियमावली, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति २०६३।८।२९

संशोधन

**नेपाल नागरिकता (पहिलो संशोधन) नियमावली, २०६३** २०६३।१०।१५

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरूको नाम "नेपाल नागरिकता नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल नागरिकता ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनु पर्छ ।

(ग) "स्थानीय निकाय" भन्नाले प्रचलित कानूनबमोजिम गठन भएको गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकासमेतलाई जनाउँछ ।

३. **वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि**

(१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ (सोह्र) वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र, (ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछ :-

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास

गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची-३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत। तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस,

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानूनबमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) खण्ड (क) बमोजिमको संस्थामा पालनपोषण गर्ने संस्थाका प्रमुखबाट गरिदिएको सनाखत वा खण्ड (ख) बमोजिम पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत,

(४) उपनियम (३) बमोजिम निवेदकको पितृत्व वा मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिनेछ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ।

(६) पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनु पर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नु पर्नेछ।

(७) यो नियम प्रारम्भ हुनुभन्दा अघि समयसमयमा खटिएका नागरिकता टोलीले तयार गरेको दर्ता अभिलेख र वितरण गरेको अस्थायी निस्सालाई समेत आधार लिई नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ।

(८) उपनियम (२) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ।

४. **जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि :**

(१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) निवेदकको जन्म नेपालभित्र भएको र निजले निरन्तर नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण।
स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "परिवार" भन्नाले एकाघरका वा छुट्टिई भिन्न बसेका बाबु, आमा, सौतेनी आमा, छोरा, अविवाहिता छोरी र छोराबुहारीसमेतलाई सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनुअगावै प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने व्यक्तिलाई ऐनको दफा ८ को उपदफा (४) बमोजिम देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ :-

(क) निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची-५ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सरजमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीन जना नेपाली नागरिकले अनुसूची-६ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत। तर

नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(४) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको समयावधिभित्र प्राप्त भएका निवेदनहरूका सम्बन्धमा त्यस्ता निवेदन दर्ता भएको मितिले एक महिनाभित्र प्रमुख जिल्ला अधिकारीले निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) उपनियम (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।

५. **वैवाहिक सम्बन्धको आधारले अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि :**

(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा देहायका कागजात संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

६. **निवेदकलाई जानकारी दिनु पर्ने :** नियम ३ वा ४ बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा सात दिनभित्र निर्णय गरी निजलाई सोको जानकारी दिनु पर्नेछ ।

७. **अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधि :**

(१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा देहायका कागजातसहित अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिस,

(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(२) ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त र अवस्था पूरा गरेको कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोबास गरी आएको वासस्थानसँग सम्बन्धित स्थानीय निकायको सिफारिससाथ सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको अध्यक्षसँग आवश्यक कुराहरू बुझी निवेदकले ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त तथा अवस्था पूरा गरेको देखिएमा आफ्नो रायसहित निवेदन मन्त्रालयसमक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गरी मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(५) ऐनको दफा ५ को उपदफा (५) बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची-७ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । निवेदनसाथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निज नेपालमा बसोबास गरिरहेको व्यहोराको स्थानीय निकायले गरिदिएको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

८. **नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारी :**

(१) वंशजको नाताले, जन्मको आधारमा र वैवाहिक अङ्गीकृत र अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले त्यस्तो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुअघि जन्मिएका निजका सन्तानलाई

अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपनियम (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त भएको अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारी वा समय समयमा नेपाल सरकारले नागरिकता वितरण गर्न खटाएको टोली प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

✄(३) ...............

(४) उपनियम (१) मा उल्लेख भएदेखि बाहेक अन्य प्रकारको अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

(५) ऐनको दफा ६ बमोजिम प्रदान गरिने सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद्लाई हुनेछ। (६) उपनियम (५) बमोजिम नागरिकता प्रदान गर्ने निर्णय भएपछि मन्त्रालयले सम्मानार्थ नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ।

(७) यस नियमावली बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारीले वंशजको नाताले वा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अनुसूची-२ बमोजिम र अङ्गीकृत नेपाली नागरिकता जारी गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।


ललितपुर महानगरपालिका

**३ नं. वडा कार्यालय, पुल्चोकको**

**सूचना**

३ नं. वडा क्षेत्रभित्र सार्वजनिक ढल तथा मंगाल सफा गर्नु परेमा निःशुल्क

र

निजी ढल सफा गर्नु परेमा रु. १,५००/- लाग्नेछ। महानगरको अरु वडामा सार्वजनिक ढल तथा मंगाल सफा गर्नु परेमा रु. १,५००/- लाग्नेछ।

**सफाईको लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।**

सम्पर्क नं. ५५२८१८८/९८५१२३६९४८

**धुम्रपान र मद्यपान त्यागौं, स्वस्थ जीवन बाचौं ।**

# स्थानीय सरकार संञ्चालन ऐन, २०७४

प्रमाणीकरण र प्रकाशित मिति २०७४/०६/२९

**प्रतावना :**

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयनलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न,

लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित
वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप
समाजवाद उन्मुख सङ्घीय लोकततन्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, र

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्वन्धमा आवश्यक ब्यवस्था गर्न वाञ्छनीय भइकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१२. **वडा समितिको काम, कर्तब्य र अधिकार :**

(१) वडा समितिको काम, कर्तब्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तब्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछ :-

क. **वडा भित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन,**

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समिति गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा ब्यवस्थापन गर्ने ।

ख. **तथ्यांक अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क संङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

ग. **विकास कार्य**

(१) बाल उद्यानको व्यवस्थापन गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराृने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहोरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलपूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ बिजन, मल तथा औषधिको माग संकलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरुको विवरण संकलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लब मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(२४) घरेलु उद्योगको लगत संकलन तथा सम्भाब्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम ब्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संकलन तथा संरक्षण गर्ने,

(२७) ब्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाविक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, ब्यवसाय कर, बहाल कर, विज्ञापन कर, स-शुल्क पार्किङ्ग, नयाँ ब्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त विरामी भएको बेवारिस वा असहाय ब्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस ब्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको ब्यवस्था मिलाउने ।

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

घ. **नियमन कार्य**

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र ब्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

(ङ) **सिफारिस तथा प्रमाणित गर्ने**

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) ब्यापार ब्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) ब्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै ब्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो ब्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र ब्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसंगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्यांकन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्वन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रमाणित गर्ने ।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाबाट वडा समितिको काम कर्तब्य र अधिकार नतोकिएसम्म वडा समितिले उपदफा (२) बमोजिमको काम, कर्तब्य र अधिकार प्रयोग गर्नेछ ।

(४) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ ।

**१३ न्यूनतम दररेट निर्धारण गर्ने :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरीतोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

**१९ सभाको बैठक :**

१) सभाको बैठक सामान्यतया वर्षको दुईपटक बस्नेछ ।

२) सभाको बैठक अध्यक्ष वा प्रमुखले बोलाउनेछ ।

३) सभाका एका तिहाई सदस्यहरुले सभाको बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष वा प्रमुख समक्ष विषय वा कारण खुलाई लिखित अनुरोध गरेमा पन्ध्र दिनभित्र अध्यक्ष वा प्रमुखले सभाको विशेष बैठक बोलाउनु पर्नेछ ।

४) सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष वा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले सभाका सबै सदस्यलाई पठाउनु पर्नेछ ।

५)	सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६)	सभाको बैठकको अध्यक्षता अध्यक्ष वा प्रमुखले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा उपप्रमुखले गर्नेछ ।

७)	सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा सभाको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८)	सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

९)	प्रमुख प्रशासकीय अधिकृतले सभाको सचिव भई काम गर्नेछ ।

१०)	सभाको बैठक सम्वन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१	विधेयक पारित र प्रमाणीकरण गर्ने विधि :**

(१)	दफा २० बमोजिम पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतले पारित गरेमा पन्ध्र दिनभित्र सभाका अध्यक्षले त्यस्तो विधेयक प्रमाणीकरण गर्नेछ ।

**२४	योजना बनाई कार्यान्वयन गर्ने :**

(३)	नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ :-

(क)	आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख)	उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग)	जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ)	स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ)	स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च)	महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ)	लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज)	दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ)	भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(५)	नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता

भएका व्यक्ति, जेष्ठ नार्षरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नु पर्नेछ

**२६ साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने :**

नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ :-

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला विसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू-उपयोग योजना,

(छ) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम,

(झ) आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन,

(ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तरस्थानीय तह भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान,

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) अन्य उपयुक्त विषय ।

**६० पार्किङ्ग शुल्क** :

नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

**६५ स्थानीय राजश्व परामर्श समिति :**

उपप्रमुख - संयोजक

**६६ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :**

प्रमुख - संयोजक

(६) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्य प्रत्येक वर्षको **फागुन महिनाभित्र** सम्पन्न गरिसक्नु पर्नेछ र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको **चैत्र पन्ध्र गतेभित्र** प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

**६७ बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

उपप्रमुख - संयोजक

**७१ बजेट पेश र पारित गर्ने :**

(१) उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई **असार दश गतेभित्र** सभामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण खुलाउनु पर्नेछ ।

(३) सभाले उपदफा (१) बमोजिम पेश भएको बजेटमाथि कार्यतालिका बनाई **पन्ध्र दिनभित्र** छलफलको काम सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्न वा सुझाव सहित कार्यपालिकामा पठाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सुझाव सहित प्राप्त भएको वजेट कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारण सहित सभामा **पाँच दिनभित्र** पुनः पेश गर्नु पर्नेछ ।

(६) सभाले उपदफा (१) वा (५) बमोजिम पेश भएको **बजेट असार मसान्तभित्र पारित** गरिसक्नु पर्नेछ ।

**७६ कारोबारको लेखा :**

(३) प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) नगरपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नु पर्नेछ ।

**७८ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने :**

(५) नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदायी बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**८४ प्रमुख प्रशासकीय अधिकृत सम्वन्धी व्यवस्था :**

(२) (ज) कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने ।

**१०२ स्थानीय कानून बनाउने :**


(१) नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिम बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम बनाएको कानून नगरपालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कुनै कानून प्रकाशन नभएसम्म त्यस्तो कानून लागू हुने छैन ।




**जनता नेताको घरमा होइन, नेता जनताको घरमा ।**

## ललितपुर महानगरपालिका
## ३ नं. वडा कार्यालयको ३ वार्षिक कार्य समिक्षा
## २०७७/०७८

### आर्थिक वर्ष २०७४/०७५ मा संचालन हुने भौतिक पूर्वाधार अन्तर्गतका लक्षित योजनाहरु

### १२. लक्षित वर्ग अन्तर्गत महिला

| सि.नं. | योजनाको नाम | रकम | ठेगाना |
|---|---|---|---|
| २ | हासापोता गणेश मन्दिर ऐतिहासिक रुपमा निर्माण गर्न | ४,००,००० | झम्सिखेल |

### १२. लक्षित वर्ग अन्तर्गत बालबालिका

| सि.नं. | योजनाको नाम | रकम | ठेगाना |
|---|---|---|---|
| ३ | बौद्ध बिहारको जग्गामा पर्खाल लगाउने कार्य | १,००,००० | पुल्चोक |

### आर्थिक वर्ष २०७४/०७५ मा संचालन हुने वडा स्तरीय योजनाहरु

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | परिबोध स्कुल अगाडी ढल निर्माण | ३,००,००० |
| २ | झम्सिखेल ओरालो जाने बाटोमा ब्लक छाप्ने | ३,५०,००० |
| ३ | वडा स्तरीय हाउस बायरिङ्ग | १,५०,००० |
| ४ | श्री श्रमिक बाल बिज्ञान नि.मा.वि.मा मर्मत | ३,००,००० |
| ५ | धोविघाट लामाचौरमा ब्यायाम स्थल | २,५०,००० |
| ६ | वडा मर्मत संभार कार्यक्रम | १,५०,००० |

**जहाँ सृष्टि त्यहाँ सेवा, जहाँ सेवा त्यहाँ समाधि**

# वडाको आर्थिक वर्ष २०७४/०७५ मा संचालन भएका

## नगर स्तरीय योजनाहरू

### नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | धोविघाटमा ढल निर्माण | ५०,००,००० |
| २ | वार्ड भवन निर्माण ३ (भवन शिर्षक) | ५०,००,००० |

### ठूला पूर्वाधार

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | श्रीमार्गमा बाटो फाराकिलो गरी ढल सहित कालोपत्र गर्ने | ७५,००,००० |

### सम्पदा संरक्षण सम्वन्धी योजनाहरु

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| २ | खड्गयोगिनी सत्तल जिर्णोद्धार | १०,००,००० |

### सम्पदा संरक्षण सम्वन्धी (वैकल्पिक योजना)

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | सोह्ल खुट्टे पाटी पुनः निर्माण | ३०,००,००० |

### सम्पदा संरक्षण सम्वन्धी (वैकल्पिक योजना)

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| २ | बौद्ध बिहार संघ रंगरोगन तथा मर्मत संभार | ५,००,००० |

ललितपुर महानगरपालिका
**३ नं. वडा कार्यालय, पुल्चोकको**
**सूचना**
३ नं. वडा क्षेत्रभित्र सार्वजनिक ढल तथा मंगाल
सफा गर्नु परेमा निःशुल्क
र
निजी ढल सफा गर्नु परेमा रु. १,५००/- लाग्नेछ ।
महानगरको अरु वडामा सार्वजनिक ढल तथा मंगाल
सफा गर्नु परेमा रु. १,५००/- लाग्नेछ ।
**सफाईको लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।**
सम्पर्क नं. ५५२८१८८/९८५१२३६९४८

**मानिस, मानिस भएर बाँच्न सिकौं र सिकाऔं ।**

## वडाको आ.व. २०७४/२०७५ मा सञ्चालित योजनाहरुको विवरण

### बजेट शिर्षक : वडा बजेट वडा नं. ३ (बिनियोजित रकम रु. ४० लाख)

| क्र.सं. | योजनाको विवरण | म.न.पा.रकम | सम्झौता रकम |
|---|---|---|---|
| १ | धोवीघाट रजक भवनमा ट्रस राख्ने | १,००,००० | १,५२,१७८ |
| २ | मुर्त संस्कृति | २,००,००० | २,००,००० |
| ३ | लामाचौरमा वार लगाउने | १,९८,४३५ | २,१७,२२५ |
| ४ | याउलाखेलमा शौचालय निर्माण | २,००,००० | ५,०९,७९८ |
| ५ | श्रमिक वाल विज्ञान स्कुलमा सामग्री प्रोजेक्टर | १,००,००० | १,००,००० |
| ६ | जनचेतना अभिमूखिकरण कार्यक्रम | १,००,००० | १,००,००० |
| ७ | हाउस वायरिङ | १,००,००० | १,००,००० |
| ८ | अंग्रेजी प्रौढ शिक्षा तालिम संचालन | १,००,००० | १,००,००० |
| ९ | पुल्चोकमा सोलार वत्ती जडान | २,००,००० | २,३०,०५४ |
| १० | वडाको विभिन्न स्थानमा सिसि क्यामेरा जडान | ९,९४,५७८ | १०,८८,७५५ |
| ११ | श्रमिक वाल विज्ञान स्कुल मर्मत | २,९१,३४२ | ३,१८,९३० |
| १२ | धोवीघाटमा ढुङ्गेधारा मंगाल निर्माण तथा मर्मत | १,५०,२६० | १,५०,२६० |
| १३ | कर तथा शुल्क उठाउने सफ्टवेयर | २,५०,००० | २,५०,००० |
| १४ | धोवीघाट जाने वाटो ढलान | १,३३,८०८ | १,४६,४७८ |
| १५ | धोवीघाट धाराको तलको वाटो ढलान | १,४७,६१५ | १,६१,८१३ |
| १६ | वडा कार्यालयमा सोलार वत्ती जडान | ३,४९,८३४ | ३,४४,६६४ |
| १७ | वडाको विभिन्न ठाउमा ग्राभेलिङ्ग गर्न | ९९,९३५ | ९९,९३५ |
| | जम्मा | ३७,१५,८०७ | ४२,७०,०९० |

**पुरातन सोचलाई अन्त्य गर्दै, आमूल परिवर्तनको लागि बढौं ।**

# वडाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक कार्यक्रम

## ललितपुर महानगरपालिका सम्पदा संरक्षण सम्वन्धी कार्यक्रम

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| ६ | स्तुपाको उत्तर तर्फ रहेको पाटीमा दाची इट्टा र झिंगटी छाना राख्न | १०,५०,००० |

## ललितपुर महानगरपालिका स्थानीय सडक बजेट शिर्षकका योजनाहरु

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १५ | श्रीमार्गमा सडक कालोपत्र | ९५,१८,७३७ |

## ललितपुर महानगरपालिका सडक अन्तर्गत सडक बिस्तार

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| २ | मदन स्मारक स्कुलका कम्पाउण्ड वाल सारी बाटो बिस्तार | ३५,००,००० |

## ललितपुर महानगरपालिका सडक अन्तर्गत सडक बिस्तार

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | संगमबस्ती बागमती कोरीडोर जाने पिसिसि गर्न | ३०,००,००० |

## स्वीकृत ढल निर्माण योजना

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| ४ | पुरानो ज्ञानोदय स्कुल अगाडि ढल निर्माण | १८,००,००० |

## हरियाली अभिबृद्धि तथा पार्क निर्माण योजना

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| ३ | पुरानो ज्ञानोदय स्कुल अगाडि पार्क निर्माण | १०,००,००० |



## वडाको विनियोजित वडा स्तरीय रकम रु. १ करोड २० लाख

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | पुल्चोक कृष्ण मन्दिर पाटी पुनः निर्माण | ६,००,००० |
| २ | अमूर्त संस्कृति संरक्षण | २,००,००० |
| ३ | महिला समूहका लागि रोजगारीमूलक कार्य | ३,००,००० |
| ४ | बृद्धबृद्धा दीवा हेरचाह केन्द्र | १,००,००० |
| ५ | बृद्धहरुका लागि घर घरमा स्वास्थ्य उपचार | २,००,००० |
| ६ | सार्वजनिक जग्गा संरक्षण | २,००,००० |
| ७ | ब्यायाम सामाग्री | ५,००,००० |
| ८ | श्रीदरवार टोलमा बाटो निर्माण | १०,००,००० |
| ९ | पुरानो ज्ञानोदय अगाडि ढल | १०,००,००० |
| १० | विपन्न नागरिक औषधि उपचार | १,००,००० |
| ११ | धोविघाटमा सोलार बत्ती | २,५०,००० |
| १२ | सडक बत्ती | ५,००,००० |
| १३ | सार्वजनिक शौचालय | ५,००,००० |
| १४ | जनचेतना अभिमुखीकरण | ३,००,००० |
| १५ | ड्रोन खरिद | ३,००,००० |
| १६ | सु-सूचितका लागि डिजिटल बोर्ड राख्ने | ३,००,००० |
| १७ | सिसि क्यामरा | ३,५०,००० |
| १८ | सार्वजनिक जग्गा संरक्षण | २,००,००० |
| १९ | विपद् व्यवस्थापन कोष | १,००,००० |
| २० | जेहेन्दार विद्यार्थी छात्रवृत्ति | १,००,००० |
| २१ | मदन स्मारक स्कुलमा बालमैत्री शिक्षा र सहयोग | १,५०,००० |
| २२ | श्रमिक बाल बिज्ञान नि.मा.बि. स्कुलमा बालमैत्री शिक्षा र सहयोग | १,५०,००० |
| २३ | अपांगलाई सम्मान | १,००,००० |
| २४ | अपांग मैत्री फुटपाथ | १०,००,००० |
| २५ | चोक चोकमा डष्ट बिन | ५,००,००० |
| २६ | घर नम्बर | १८,००,००० |
| २७ | मर्मत सम्भार | १२,००,००० |
| | जम्मा रकम | १,२०,००,००० |

**मानिस स्थायी जीवन्त होइन, स्थायी त्यो हो जहाँ अन्तिम संस्कार हुन्छ ।**

## वडाको आ.व. २०७५/२०७६ मा सञ्चालित योजनाहरुको विवरण
## वडा बजेट (बिनियोजित रकम रु. १२० लाख)

| क्र.सं. | योजनाको विवरण | म.न.पा.रकम | रकम सम्झौता |
|---|---|---|---|
| १ | सुसुचितको लागि डिजिटल वोर्ड राख्ने | ३,००,००० | ३,००,००० |
| २ | ड्रोन खरिद | २,५३,००० | २,५३,००० |
| ३ | व्यायाम सामग्री | ५,००,००० | ५,००,००० |
| ४ | ज्ञानोदय चोक ढल निर्माण | १०,००,००० | ११,६०,०५२ |
| ५ | विपद व्यवस्थापन | १,००,००० | १,००,००० |
| ६ | वडाभरी सडक वत्ती जडान | ४,४९,७८२ | ४,९२,३७२ |
| ७ | वडा क्षेत्र भित्र सिसि क्यामेरा जडान | ३,१४,२८६ | ३,४४,६२५ |
| ८ | दरवार टोलमा व्लक छाप्ने | १०,००,००० | ११,२५,०३८ |
| ९ | श्रमिक वाल विज्ञान निमावि स्कुलमा वालमैत्री शिक्षा र सहयोग | १,५०,००० | १,५०,००० |
| १० | वृद्धवृद्धा दिवा हेरचाह केन्द्र | १,००,००० | १,००,००० |
| ११ | पञ्चवर्षीय योजना तयारको लागि | २,००,००० | २,००,००० |
| १२ | डिओ स्कुटर खरिद | १,८९९०० | १,८९९०० |
| १३ | अपाङ्गता भएका व्यक्तिहरुलाई औषधी र सामग्री वितरण | १,००,००० | १,००,००० |
| १४ | क्लिनिक संचालन गर्न आवश्यक सामान | १,५०,००० | १,५०,००० |
| १५ | वाकीटाकी खरिद | ५,००,००० | ५,००,००० |
| १६ | वेकरी तालीम र महिनावारी स्वास्थ्य तथा प्याड निर्माण तालीम | ३,००,००० | ३,००,००० |
| १७ | झम्सिखेलमा व्लक छाप्ने | ५०,००० | ५०,००० |
| १८ | पैयापानी धोवीघाटमा व्लक छाप्ने (पहिलो) | ३,४२,६३७ | ३,७५,०८१ |
| १९ | पुच्व मंकाः यलः पुच्व सामान खरिद | ९९,००० | ९९,००० |
| २० | पुच्व तधः मंकाः खल सामान खरिद | ९७,५०० | ९७,५०० |

| | | | |
|---|---|---|---|
| २१ | लविम महलको उत्तर छायवहाल जाने सहायक मार्गमा खानेपानीको पाईप जडान गर्न | १९,७०० | १९,७०० |
| २२ | भम्सिखेलमा ढल मर्मत | ९७,२०६ | ९७,२०६ |
| २३ | मदन स्मारक माध्यामिक विद्यालयमा ईसिडी कक्षाको लागि आवश्यक सामग्री | २,००,००० | २,००,००० |
| २४ | मिजार टोलमा ब्लक छाप्ने | १,४९,६०५ | १,६३,७७२ |
| २५ | धोवीघाटमा सार्वजनिक शौचालय निर्माण | ४,४९,९३५ | ४,९२,९९७ |
| २६ | धोवीघाटमा सडक वत्ती जडान | २,२४,६२० | २,४६,३०८ |
| २७ | धोवीघाट ढुङ्गेधारामा ह्युम पाईप राखी ढल मर्मत गर्न | ६९,१९६ | ६९,१९६ |
| २८ | अपाङ्गमैत्री वडापत्र र पेपरलस सेवाको लागि सफ्टवेयर खरिद | ३,००,००० | ३,००,००० |
| २९ | हावावाट दैनिक ५० हजार लिटर पिउन योग्य पानी दिने मेशिन थान १ खरिद | १,५०,००० | १,५०,००० |
| ३० | पैयापानी धोवीघाटमा ब्लक छाप्ने (दोश्रो) | ६,२४,२१८ | ६,८३,३३३ |
| ३१ | पुल्चोक अपाङ्ग मैत्री फुटफाथ निर्माण | १६,३८,७९१ | १७,९३,९७० |
| ३२ | **Lab in Bag** खरिद | ९८,९८८ | ९८,९८८ |
| ३३ | झम्सिखेलमा ब्लक छाप्ने | ४०,५६७ | ४०,५६७ |
| ३४ | लाछी कृष्ण फल्चा निर्माण | ५,४२,३३३ | ५,७३,२१८ |
| ३५ | सोलार ३ केभीवाट ६ केभीमा क्षमता वृद्धि | ४,६७,८०० | ४,६७,८०० |
| ३६ | शान्तिवस्तीमा सडक मर्मत | ९८,९४९ | ९८,९४९ |
| ३७ | मर्मत र वडा कार्यालयको प्रयोजनको लागि (वडाको वाकी वजेटवाट) | १,२३,६३३ | १,२३,६३३ |
| | जम्मा | १,१४,९१,६४६ | १,२२,०६,२०५ |

**सत्ययुगको संविधान भगवान हो भने कलियुगको भगवान संविधान हो**

## वडाको आ . व . २०७६/०७७ को वडा स्तरीय योजनाहरू

| वडा स्तरीय योजनाहरु | | | |
|---|---|---|---|
| | योजना विनियोजित बजेट | १,८०,००,००० | |
| क | **पूर्वाधारविकास** | | |
| १ | Jetting,Rodding& Grabbing Machaine | १,१३,००,००० | ८०,००,००० |
| २ | Movable portable toilet | | ८,००,००० |
| ३ | अपाङ्गमैत्री फुटपाथ | | १५,००,००० |
| ४ | पाटनढोकामा ब्लक छाप्न | | १०,००,००० |
| ख | **आर्थिक विकास** | ९,००,००० | |
| १ | Paperless सिफारिस | | २,००,००० |
| २ | अक्षेश्वर महाविहारमा पर्यटन प्रवर्द्धन | | ५,००,००० |
| ३ | वडाको तथ्याङ्क र पार्श्व चित्र | | २,००,००० |
| ग | **सामाजिक विकास** | २७,००,००० | |
| १ | बृद्धबृद्धाको लागि इन्फ्लुएन्जा (फ्लू) भ्याक्सिन लगाउने | | ३,००,००० |
| २ | अपाङ्गमैत्री बडापत्र तयार गर्ने | | १,००,००० |
| ३ | रोजगारीमूलक ऋण कार्यक्रम | | ५,००,००० |
| ४ | लक्षित वर्ग कार्यक्रम | | ५,००,००० |
| ५ | बालबालिकामैत्री कार्यक्रम | | १,००,००० |
| ६ | युवा वित्तिय लगानी प्रशिक्षण | | २,००,००० |
| ७ | अपांङ्ग भएका ब्यक्तिको कार्यक्रम | | १,००,००० |
| ८ | स्वास्थ्य परामर्श कार्यक्रम | | २,००,००० |
| ९ | श्रमिक बालबिज्ञान स्कूलमा कम्प्यूटर टिचर सहयोग | | २,००,००० |
| १० | खेलकूद | | १,००,००० |
| ११ | रेडक्रस कार्यक्रम | | १,००,००० |
| १२ | विपद ब्यवस्थापन कोष | | १,००,००० |
| १३ | सामाजिक सुधार कार्यक्रम | १,५०,००० | |
| क | शववाहन संचालन | | ५०,००० |

| | | | |
|---|---|---|---|
| ख | एक बच्चा एक परिवार | | १,००,००० |
| १४ | कौसीखेती कार्यक्रम | | ५०,००० |
| ४ | **विपद तथा वातावरण विकास** | २२,००,००० | |
| क | वातावरणमैत्री कार्यक्रम | | १३,००,००० |
| ख | सार्वजनिक जग्गा संरक्षण | | ९,००,००० |
| | | १,७१,००,००० | |
| ५ | **भैपरी** | ९,००,००० | |
| ६ | **मर्मत** | २०,००,००० | |
| | जम्मा | २,००,००,००० | |

## समितिबाट पारित भएका योजनाहरू

| | | | |
|---|---|---|---|
| १ | समितिस्तरीययोजनाहरु | | |
| (क) | पूर्वाधार विकास | | |
| | न्यूकोलोनीमा कालोपत्र गर्न | | सडक |
| | माईला गुठी | १५,००,००० | सम्पदा |
| (ख) | आर्थिक विकास | | |
| | अशोकस्तुपा संगैको पाटी पुनःनिर्माण | १०,००,००० | पर्यटन |
| (ग) | सामाजिक विकास | १,३०,००,००० | पूर्वाधार |
| | खेलकुद | १,५०,००० | |
| | अमूर्त संस्कृति | २,००,००० | |
| | कौसीखेती | | |
| (घ) | विपद तथा वातावरण विकास | | |
| | रातोबंगलाबाट पाटनढोकासम्म ढलनिर्माण | २०,००,००० | ढल |

**माक्स लगाऔं,**
**कोरोना भगाऔं ।**
**साबुन पानीले मिचिमिची हात धोऔं ।**

**नेता त्यो हो जस्ले जनतालाई सहि बिचार दिन सक्छ ।**

## वडाको आ.व. २०७६/२०७७ मा सञ्चालित योजनाहरुको विवरण
## बजेट शिर्षक : वडा बजेट वडा नं. ३ (बिनियोजित रकम रु. १२० लाख)

| क्र.सं. | योजनाको विवरण | म.न.पा. रकम | रकम सम्झौता |
|---|---|---|---|
| १ | Movable Portable Toilet | ४,०१,१५० | ४,०१,१५० |
| २ | Ultra LED Display(6/4 feet) | ३,९८,८५० | ३,९८,८५० |
| ३ | Jetting, Rodding & Grabbing Machine | ८०,००,००० | ८०,००,००० |
| ४ | अपांग, असहाय राजु बिष्ट अकुपञ्चर पिजियोथेरापी | २४,००० | २४,००० |
| ५ | वडाका कर्मचारी तथा जनप्रतिनिधि अवलोकन भ्रमण | १,०६,३७४ | १,०६,३७४ |
| ६ | पार्श्वचित्र | ६०,००३ | ६०,००३ |
| ७ | अपांगमैत्री वडापत्र अडियो | १६,९५० | १६,९५० |
| ८ | मनकामना टोलमा ब्लक छाप्ने | १,८८,२४८ | २,०६,०७४ |
| ९ | श्रीदरबार टो फेज १ ब्लक छाप्ने | १०,००,००० | ११,८१,८३६ |
| १० | पैयापानीमा ब्लक छाप्न | २,११,७०९ | २,३१,७५६ |
| ११ | श्रीकृष्ण पूजा | ४०,००० | ४०,००० |
| १२ | पुल्चोकमा बेकरी पसल | ५,००,००० | ५,००,००० |
| १३ | बुद्धको मूर्ति खरिद | ४१,००० | ४१,००० |
| १४ | कृष्णफल्चामा बत्ती जडान | २७,४९४ | २७,४९४ |
| १५ | ढुंगाखानी लक्ष्मण के.सी.को घरसंगै ढलान | ३६,७९० | ३६,७९० |
| १६ | अरुण थापा चोकमा ब्लक छाप्ने | ३,५१,८७३ | ४,३३,३४२ |
| १७ | Body Camera and Traffic Wheel Lock | २,४६,५१० | २,४६,५१० |
| १८ | पाईप खरिद (पुल्चोक प्रभाग) | २०,००० | २०,००० |
| १९ | सेन्टमेरिज स्कूलको बाटोमा मंगाल मर्मत | २४,५३४ | २४,५३४ |
| २० | पुल्चोकमा वडा खाद्य स्टोर | ३,००,००० | ३,००,००० |
| २१ | वित्तिय लगानी तथा SIYB तालिम | १,००,००० | १,००,००० |
| २२ | रेडक्रस तालिम | १,००,००० | १,००,००० |

| | | | |
|---|---|---|---|
| २३ | नोट डायरी छपाई | ९९,७७९ | ९९,७७९ |
| २४ | अक्षेश्वर महाबिहारमा शौचालय निर्माण | ४,९६,४१६ | ५,४३,६०४ |
| २५ | सिताकोमा ब्लक छाप्न | २,५८,९८९ | ३,३७,३२८ |
| २६ | हरिहरभवन देखि बखुण्डोल चोकसम्म अपांगमैत्री फुटपाथ | १४,९७,९३३ | १४,९७,९३३ |
| २७ | ईन्द्रायणी हाइटमा सिमानाको बाटोमा ढलान | १,४८,६१६ | १,४८,६१६ |
| २८ | बृद्ध बृद्धाको कोरोना बीमा | २,१९,६४० | २,१९,६४० |
| २९ | बाल बिज्ञान स्कूलमा कम्प्युटर टिचर | ६०,००० | ६०,००० |
| ३० | 65 Lit Penguin Dustbin with Transportation | ५८,७६० | ५८,७६० |
| ३१ | कोरोना नियन्त्रण तथा रोकथामको लागि स्वास्थ्य सामाग्री खरिद | १,४१,२४० | १,४१,२४० |
| ३२ | १० कि.वा.को भोल्टेज स्टेपलाइजर | १,४५,२०५ | १,४५,२०५ |
| ३३ | बिजुलीको सामान खरिद | १,६३,३८४ | १,६३,३८४ |
| ३४ | अपांगता भएकाहरुको लागि सामान खरिद | ९९,४९३ | ९९,४९३ |
| ३५ | जानकारीमूलक आ.व. ०७७/०७८ को दररेट हाते पुस्तिका | ४५,२९० | ४५,२९० |
| ३६ | सःभ्या र छ्वालीको नक्सा | ८५,००० | ८५,००० |
| ३७ | टोनर र स्पीकर खरिद | ४६,७०० | ४६,७०० |
| ३८ | औषधि खरिद | २,६०,००० | २,६०,००० |
| ३९ | भम्सिखेलमा ब्लक छाप्न | २,४६,१७४ | ३,२३,३८२ |
| ४० | लामोचौरमा पार्क निर्माण | ३०,००,००० | ५१,८७,५६९ |
| ४१ | महादेव मन्दिर पुनः निर्माण | ४,९१,७३० | ४,९१,७३० |
| ४२ | सिताकोमा पार्क निर्माण | ४,९०,८०१ | ४,९०,८०१ |
| ४३ | धोविघाटमा खाद्य पसल | ३,००,००० | ३,००,००० |
| ४४ | इकुहिटी पार्क (मा.पम्फा भुषाल) | १०,००,००० | १०,००,००० |
| ४५ | माइला गुठी (मा.पम्फा भुषाल) | १५,००,००० | १५,००,००० |
| ४६ | माइला गुठी (मा.पम्फा भुषाल) | ३५,००,००० | ३५,००,००० |
| ४७ | अमूर्त संस्कृति (तधः, पुच्व मंका | २,००,००० | २,००,००० |
| ४८ | खड्गयोगिनी सटल(मा.जिवन खड्का) | ५०,००,००० | ५०,००,००० |

## ३ नं. वडा कार्यालयको
## आ.व. २०७७/०७८ को वडा स्तरीय योजनाहरु

| वडा स्तरीय योजनाहरु | | | |
|---|---|---|---|
| | **योजना विनियोजित बजेट** | **१,७०,००,०००** | |
| **क** | **पूर्वाधार विकास** | **१,३१,००,०००** | **१,३१,००,०००** |
| | १) पुल्चोकमा ईट्टा छाप्ने | | ७०,००,००० |
| | २) भ्याकुम क्लिनर/Electric Vehicle | | ६१,००,००० |
| **ख** | **आर्थिक विकास** | **१८,००,०००** | **१८,००,०००** |
| | १) **"बाँझो खेतमा कृषि खेती, कौसीमा करेसा बाली"** | | २,००,००० |
| | २) **"मेरो सीप, समृद्धिको लागि"** | | ५,००,००० |
| | ३) वडाको तथ्याङ्क संकलन | | ५,००,००० |
| | ४) सुसुचितको लागि हाम्रो कार्यक्रम (रेडिओ कार्यक्रम) | | १,००,००० |
| | ५) **"घर घरमा फोहोर वर्गीकरण गरी श्रोतमै न्यूनीकरण सफाई अभियान"** | | ५,००,००० |
| **ग** | **सामाजिक विकास** | **१०,००,०००** | **१०,००,०००** |
| | १) **"सचेतनामा हाम्रो दायित्व"** क) कोरोना | | ५,००,००० |
| | २) **"उज्यालो भविष्यको लागि सबैमा शिक्षा"** | | ३,००,००० |
| | ३) लक्षित वर्ग कार्यक्रम/ **"स्वस्थको लागि ब्यायाम"** | | २,००,००० |
| घ | **विपद् तथा वातावरण विकास** | **११,००,०००** | **११,००,०००** |
| | १) **"दिर्घ जीवनको लागि स्वच्छ वातावरण" - लामोचौर पार्क** | | १०,००,००० |
| | २) विपद् व्यवस्थापन कोष | | १,००,००० |
| **ङ** | **भैपरी** | **१०,००,०००** | |
| **च** | **मर्मत** | **२०,००,०००** | |
| | **जम्मा** | **२,००,००,०००** | |

## समितिहरुमा माग गरिएका योजनाहरु

| | | | |
|---|---|---|---|
| **१** | **समिति स्तरीय योजनाहरु** | | |
| **(क)** | **पूर्वाधार विकास** | | |
| | मंका छें | १५,००,००० | **सम्पदा** |
| **(ख)** | **आर्थिक विकास** | | |
| | सिहिटीमा पाटी निर्माण | १५,००,००० | **पर्यटन** |
| **(ग)** | **सामाजिक विकास** | | |
| | खेलकुद | १,५०,००० | **समाज कल्याण** |
| | अमूर्त संस्कृति | २,००,००० | **समाज कल्याण** |
| **(घ)** | **विपद तथा वातावरण विकास** | | |
| | रातो बंगलादेखि पाटनढोका सम्म ढल | २५,००,००० | **ढल** |
| | पार्क निर्माण | १०,००,००० | **पार्क** |

### उपत्यकामा नदीको दायाँबायाँ छोड्नु पर्ने जग्गाको नयाँ मापदण्ड तोकियो

कुन नदीमा कति जग्गा

- बागमती २० मिटर
- बिष्णुमती २० मिटर
- हनुमन्ते २० मिटर
- मनोहरा २० मिटर
- धोबीखोला ९ मिटर

(आयोजना लागू भएकोमा आयोजनाले तोके अनुसार)

- नख्खुखोला १२ मिटर
- बल्खु १२ मिटर
- कर्मनासा (कोड्कु) १२ मिटर
- साङ्लेखोला १२ मिटर
- महादेवखोला १२ मिटर
- करखुसी खोला ६ मिटर
- इच्छुमती ४ मिटर
- सामाखुसी ४ मिटर
- बाँकी अन्य खेला ४ मिटर

## आ. व. २०७४/२०७५ देखि आ. व. २०७५/२०७६ सम्ममा वडाले गरिने र गरेका सेवा र सुविधाहरु

१. पुस्तक - वडा बडापत्र
२. तथ्याङ्क संकलन
३. पुस्तक - संकलित सूचनामूलक पुस्तिका वितरण
४. जानकारीको लागि - web : www.lmcityward3.com
५. अनलाइन सिफारिसको व्यवस्था
६. सुसूचितका लागि facebook : ललितपुर महानगरपालिका वडा नं. ३
७. सुझावको लागि : email : lmcity.ward3@gmail.com
८. अपाङ्गमैत्री कार्यालय भवन :
   क) अपाङ्गमैत्री कार्यालय
   ख) वडा समितिका बैठक कक्ष
   ग) मेलमिलाप कोठा
   घ) अपाङ्गमैत्री शौचालय
   ङ) कार्यालय भवनमा ५० जना अटने बैठक कक्ष
      १) Wi-Fi Ahuja Sound System
      २) Projecter System
      ३) Board Marker
९. पुस्तक - वडा बुलेटिन भाग १ वितरण
१०. कार्यालय भवनमा वैकल्पिक उर्जाका रुपमा ७.५ के.भी. सोलार जडान
११. कार्यालय र वडा क्षेत्रभित्र सुरक्षाका लागि ३२ ठाउँमा सिसि क्यामरा जडान
१२. स्टीकर छपाइ - जथाभावी फोहोर नफाल्नु होला ।
१३. स्टीकर छपाइ - जहाँतही कुकुरलाइ आछी नगराउनु होला ।
१४. जनसहभागितामा १७१ वटा सोलार सडक बत्ती जडान
१५. कार्यालय कम्पाउण्डमा **ATM** सुविधा
१६. कार्यालयमा **epay** सुविधा
१७. कामका प्रविधि अनुसार टोकन लिन व्यवस्था
१८. कार्यालय भित्र अपाङ्गमैत्री शौचालय
१९. विद्युतीय हाजिरी व्यवस्था
२०. कम्प्युटरबाट पत्र चलानीका व्यवस्था
२१. सजिलोका लागि नोट गन्न मेशिनको प्रयोग
२२. सु-सुचितका लागि Digital Board का प्रयोग (पुल्चोक रथखेल, भम्सिखेल, ठाडोढुङ्गा, धोविघाट चक्रपथ र दमचोक चोक)

२३. ठाडोढुंङ्गा र लामोचौरमा खुल्ला व्यायाम सामाग्री
२४. खोज तथा उद्धार सामाग्री सजावट
२५. ठाडोढुंङ्गामा सार्वजनिक शौचालय
२६. वडामा जथाभावी पर्चा/पोष्टर/तुल/ब्यानर पोत तथा भित्ताहरुमा झुण्डयाउन तथा टाँस्न निषेध
२७. पञ्चवर्षिय आवधिक योजना पुस्तिका तयार
२८. सम्झना ल्यावोरेटरीसँग ल्यावमा सामाजिक सुरक्षा भत्ता पाउनेका लागि ५०% र ३ नं. स्थायी वडाबासीहरुको लागि ४०% छुटको सम्झौतामा हस्ताक्षर
२९. ७० वर्ष उमेर पुगेका बृद्ध, बृद्धाहरुको लागि घर घरमा सिफारिस
३०. वडामा स्थायी बसोबास गर्ने बडाबासीहरुको लागि शव-वाहन का सुविधा उपलब्ध गराईन्छ । सेवा लिए वापत रु. ५००/- भाडा तिर्नु पर्नेछ भने ३५ दिनभित्र मृत्यु दता गरेमा क्रिया खच बापत रु. २५००/- दिइनेछ । (बा २ झ ३७५८)
३१. ११०० भाइल इन्फ्लुएन्जा (फ्लू) भ्याक्सिन निःशुल्क खोप लगाउने कार्य,
३२. पुल्चोक जेब्राक्रस, सेक्सन र हरिहरभवनमा यार्सा टेक्नोलजीसँग सम्झौतामा निःशुल्क ट्राफिक बत्तीको व्यवस्था,
३३. निर्माण सम्पन्न लिनको लागि घर धनी र अध्यक्ष बीच नक्सा बमोजिम घर निर्माण गर्ने सम्झौताका साथै
    (क) दुई वटा रुख वा बिरुवा रोप्नु पर्ने,
    (ख) एउटा Fire Extinguisher राख्नु पर्ने ।
        - ४ लिटरको मोल रु. २,५००/-
३४. वडा कार्यालयमा Mobile Charger
३५. Walkie Talkie संचालन
३६. वार्षिक १ लाख राख्ने गरी विपद् व्यवस्थापन कोष संचालन
३७. Air Pollution Control Machine जडान
३८. वडा स्वास्थ्य सेवा केन्द्र संचालन
३९. बृद्ध बृद्धाहरुका लागि घर घरमा स्वास्थ्य सेवा
४०. स्वास्थ्य प्रयोगशाला परीक्षणको लागि Lab in Bag
४१. सुरक्षा Device वितरण
४२. अपाङ्ग भएका व्यक्तिलाई सामान र औषधि वितरण
४३. अपाङ्गमैत्री फुटपाथ निर्माण
४४. पुरानो शान्तभवन अगाडि पार्क निर्माण थालनी
४५. वडा क्षेत्रभित्र रहेका स्कूल, सहकारी र आमा समूहहरुका सञ्जाल गठन
४६. कुहिने फोहोरको लागि हरियो बाल्टिन र नकुहिने फोहोरको लागि रातो बाल्टिन वितरण

४७. घरबाट बत्ती लाईन लिई वा सार्वजनिक मिटर राखि बील अनुसारको महशुल बुझाउने गरी सामुहिक माग भएमा वडाबाट १० प्रतिशत जनसहभागिता लिइ सामान उपलब्ध गराइनेछ ।

४८. विपद् व्यवस्थापनका लागि संरक्षित स्थानहरु : लामोचौर, ठाडोढुङ्गा, ईकुहिटी, अक्षेश्वर महाविहार, महानगरपालिका प्राङ्गण, आइडियल मोडेल स्कूल, सेन्ट मेरिज स्कुल र मदन स्मारक स्कुलहरुका ठाउँहरुलाई संरक्षणमा राख्ने

४९. लामोचौरमा जेष्ठ नागरिक दिवा सेवा केन्द संचालन

५०. Drone खरिद

५१. कार्यालयको नाममा Due स्कूटर (बा २ ब २६८)

५२. Air Generater Water Filter

५३. फोहोरमैलाका बारेमा जानकारीमूलक MP4 तयार

५४. House Numbering प्रक्रियाको शुभारम्भ

५५. Official Document Server System बाट Store को व्यवस्था ।

**(विकास निर्माण तथा पुर्वाधारका कामहरु स्वेतपत्रमा उल्लेख गरिएको छ ।)**




**आफूले गरे अरुले सिक्छन्, अरुले सिके आफूलाई गर्छन ।**

# आ. व. २०७६/०७७ गरेका कार्यहरु

- Movable Portable Toilet
- Android Touch Screen (अपाङ्गमैत्री बडापत्र)
- Paperless सिफारिस
- वडामा LED Display Screen (६ फिट × ४ फिट)
- धोविघाटमा RRL Hoses Pipe र Fire extinguisher को प्रयोगमा दमकलका सेवा दिन
- ट्राफिक व्यवस्थापनका लागि Wheel Lock
- वडाको पुरातात्विक सम्पदारुको पार्श्वचित्र तयार
- एक बच्चा एक उपहार कार्यक्रम संचालन
- श्वेतपत्र जारी (आ.व.२०७४/०७५, आ.व.२०७५/०७६)
- पुल्चोक लाछीमा ई-लाइब्रेरी
- उद्यमशील स्वरोजगार कोष संचालन कार्यक्रमः

  (क) वडा खाद्य स्टोर (पुल्चोक)

  (ख) वडा वेकरी (पुल्चोक)

  (ग) वडा खाद्य स्टोर (धोविघाट)
- Jetting, Rodding & Grabbing Machine खरिद
- विपद् व्यवस्थापन कोषमा १ लाख जम्मा
- ठाउ ठाउँमा फ्रि वाइ-फाई
- WHIC हरुका लागि First Aid Kids Box बितरण
- Body Camera- ३ थान र Wheel Lock- ५ थान ट्राफिक व्यवस्थापनको लागि खरिद गरी वितरण
- हरिहरभवनदेखि बखुण्डोलसम्म अपाङ्गमैत्री फुटपाथ निर्माण
- २०७७ बैशाष मसान्तसम्ममा ७० वर्ष उमेर पुगेका सामाजिक सुरक्षा भत्ता लिएकाहरुको लागि कोरोना बीमा,
- WHICH/THP र स्वयंसेवकका लागि कोरोना बीमा,
- शव-बाहन संचालनका लागि कोषको स्थापना,
- कडा रोग र अपांगता भएका व्यक्तिहरुका लागि राहत स्वरुप एक महिनाको औषधि वा बढीमा ५,००० सम्मको औषधि वितरण,
- जेष्ठ नागरिक मिलन केन्द्र, झम्सिखेल

- Penguguin dustbin- १० थान खरिद,
- हस्तकला छेपु भएका सःभ्या थान-१ र छवालीबाट बनेका संशोधन नक्सा सहितको बोर्ड थान- १,
- बाल उद्दान निर्माण - लामोचौर पार्क

## आ. व. २०७७/०७८ गरिने कार्यहरु

- पुल्चोकमा ईट्टा छाप्ने,
- लामोचौर पार्कलाई निरन्तरता,
- **Electric Vehicle** खरिद,
- फुटपाथ मर्मत र सरसफाइ,
- प्रदेश माननीय- ठाडोढुङ्गामा ३ नं. वडा व्यावसायिक ट्रेनिङ्ग सेन्टर निर्माण, ठाडोढुङ्गा,
- पुच्व पुस्तकालयमा ई-लाईब्रेरी,
- वडा विकास कोष **(Ward Develop Fund),**
- **Smoking Zone Bit** खरिद,
- **Digital Disply LED Ward Map** खरिद
- पुरानो कागजातहरुलाई विद्युतीय माध्यमबाट राख्ने,
- **Wheel Lock- 10 pic.** खरिद,
- शव-बाहन संचालनका लागि कोषको निरन्तरता,
- सार्वजनिक जग्गा संरक्षण,
- कौसी खेतीको लागि बीउ बितरण,
- आधारभूत आवश्यकता : बत्ती, धारा, शौचालय, फोन, मोबाइल र नक्सापास, शिक्षा, स्वास्थ्य र रोजगार बारे तथ्याङ्क,
- सफाइ वर्ष : बाल्टीन र कपडाको झोला वितरण,
- उद्यमशील स्वरोजगार कार्यक्रम,
- सिहिटी र ढुङ्गाखानीमा सडक बत्ती,
- सिताकोमा कुलदेउता मन्दिर निर्माण,
- घर नम्बरलाई निरन्तरता,
- आकाशे पानी संकलन - १०,०००/-
- खेलकुद - १,५०,०००/-

- अमूर्त संस्कृति - २,००,०००/-
- स्कुललाई अनुदान :
  - (क) प्रा.वि. - ५०,०००/-
  - (ख) नि.मा.वि. - ७५,०००/-
  - (ग) मा.वि. - १,००,०००/-
  - (घ) कलेज - २,००,०००/-,
- ७६ वर्ष उमेर पुरा भएका बुढ्ढ बृद्धाहरुको लागि सम्मान स्वरुप रु.५,०००/-:


ललितपुर महानगरपालिका
३ नं. वडा कार्यालयको

**सूचना - सूचना - सूचना**

३ नं. वडा क्षेत्रभित्रका संघ/संस्था तथा व्यावसायीहरुले ३० वर्ग फिटसम्मको आफ्नो नाममा बोर्ड राख्न पाउनेछ। तर,

व्यावसायीहरुले नेपाल सरकारबाट बन्देज लगाएका बिज्ञापन राखी बोर्ड राख्न पाइने छैन। राखेको पाईएमा नियमानुसारको विज्ञापन शुल्क र जरिवानासमेत लिई हटाइनेछ।

वडाक्षेत्रभित्र रहेका दर्ता नभएका संघ/संस्था तथा व्यावसायीहरु दर्ता गर्न आउनको लागि अनुरोध गर्दै दर्ता भएका र नयाँ दर्तावालाहरुले दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्रको नंम्बर बोर्डको माथिल्लो बायाँ छेउमा उल्लेख गरी राख्नु हुन अनुरोध गर्दछु।

अन्यथा, नराखेमा बोर्ड निकाल्नुकासाथै जरिवानासमेत गरिनेछ।

**जान्नको लागि :**
फेसबुक : **ललितपुर महानगरपालिका वडा नं. ३**

**(नेपाल सरकारले बन्देज लगाएका**
**बिज्ञापन धुम्रपान, मद्यपान र अश्लिल चित्र)**


**धुम्रपान र मद्यपान त्यागौं, स्वस्थ जीवन जिऔं ।**

## ३ वडाबासीहरूमा अनुरोध

१) पंञ्जीकरण सम्वन्धी सम्पूर्ण घटनाहरु घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा वडा कार्यालयमा घटना दर्ता गर्ने गरौं ।

२) ५ वर्ष भन्दा माथिका सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाउने गरौं ।

३) नगर क्षेत्रभित्र ब्यापार ब्यवसाय संचालन गर्दा अनिवार्य वडामा दर्ता गरी अनुमति लिएर मात्र आफ्नो ब्यवसाय स्थापना र संचालन गर्ने गरौं ।

४) आफ्नो घर, टोल, छिमेक तथा ऐतिहासिक सम्पदाहरुको सधैं सरसफाई गर्ने गरौं ।

५) आफ्ना घरपालुवा बस्तुभाउहरु सार्वजनिक स्थानमा छाडा नछाडौं ।

६) वडा क्षेत्रभित्र आवास निर्माण गर्दा नक्सा पास गरेर नक्सा बमोजिम मात्र निर्माण गर्ने गरौं ।

७) बालबालिका र जेष्ठ नागरिकहरुलाई विभिन्न रोगहरुको संक्रमणबाट बचाउन अनिवार्य खोप लगाउने गरौं ।

८) आकाशे पानी संकलन तथा भूमिगत पानी पूनर्भरण गर्ने गरौं ।

९) सुखी नेपाली समृद्धि नेपालको लागि आफ्नो सीप प्रवर्द्धन गरौं ।

१०) समयमै कर तिरी जिम्मेवारी नागरिकको परिचय दिउँ ।

**सल्लाह, सुझाव र जानकारीको लागि**

**फोन : ०१-५५२८१८८ / ९८५१०९२९४८**
**facebook :** ललितपुर महानरपालिका वडा नं. ३
**website :** Lmcityward3.com
**email :** Lmcity.ward3@gmail.com / **Apps :** Lmcity ward 3

**फोहोरलाई श्रोतमै वर्गीकरण गरी घरमै व्यवस्थापन गरौं ।**

## कर बुझाउने सम्वन्धी सूचना

सबै वडाबासीहरुमा ३ नं. वडा समितिको तर्फबाट अभिबादन ।

तपाई हामीले वार्षिक रुपमा स्थानीय निकायमा बुझाउनु पर्ने कर तथा सेवा शुल्कहरु बिना जानकारीले गर्दा एकमुष्ठ जरिवाना समेत बुझाउनु पर्ने कारणले गर्दा जानकारीको लागि सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१) बार्षिक घरजग्गामा लगाउने सम्पत्ति कर तिर्नु पर्ने ।

२) जग्गा मात्र भएमा बार्षिक भूमिकर (मालपोत) कर तिर्नु पर्ने ।

३) घर, टहरा नक्सा पास गरी मात्र निर्माण गर्ने गरौं ।

४) नक्सा पास बमोजिम घर निर्माण गरी सम्पन्न लिने गरौं ।

५) स्थानीय निकायमा सवारी कर बुझाउनु पर्नेछ ।

६) व्यवसाय दर्त्ता पश्चात मात्र व्यवसायीले व्यवसाय संचालन गर्नु होला

क) व्यवसाय दर्ता गर्न आवश्यक कागजातहरु :

- निवेदकको नागरिकता प्रमाणपत्र
- उद्देश्य खोलेको प्रवन्ध पत्र,
- घर वा जग्गा बहाल सम्झौता पत्र,
- घरजग्गा बहालमा भए अनिवार्य सम्पत्ति कर तिरेको प्रमाणपत्र,
- जग्गामात्र भए भूमिकर (मालपोत) कर तिरेको रसिद र लालपूर्जा,
- कम्पनी रजिष्टार कार्यालय वा वाणिज्य विभाग वा घरेलु कार्यालयमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- व्यक्तिगत भएमा निवेदकको पासपोर्ट साईजको फोटो ३ प्रति अथवा कम्पनी भएमा छाप अनिवार्य ल्याउनु पर्ने,
- बहाल कर बहालमा १० प्रतिशत लाग्नेछ,
- उल्लेखित बहाल चलन चल्तीसंग मेल खानु पर्नेछ ।

७) सम्पत्ति कर पेश नगरेमा नाप जाँच गरी तेब्बर दस्तुर जरिवाना लिइ दर्ता गरिनेछ ।

**सम्पत्ति कर वार्षिक रुपमा बुझाउने गरौं ।**

**"मिलाउनुस्" भन्नु भ्रष्टाचारको जड हो । मिलाउने होइन प्रमाण वनाउनुस् ।**

ललितपुर महानगरपालिका

**३ नं. वडा कार्यालयबाट दिने सेवाहरू**

- शव-वाहन
- ढल सफा गर्न जेट मेसिन
- अनलाईन सिफारिस
- कानुनी परामर्श सेवा
- स्वास्थ्य परामर्श सेवा
- वडाबाट संचालित घुम्ती यातायात सेवा
- स्थानीय सरकार संञ्चालन ऐन, २०७४ मा उल्लेखित सिफारिस र प्रमाणितहरु गर्ने ।

**अध्यक्ष : श्रीगोपाल महर्जन, फोन : ९८५१०९२९४८**

# हाम्रो आह्वान

**प्लाष्टिक झोला न्यूनीकरण गरौं, कपडाको झोला बोक्ने गरौं ।**





**वातावरण सफा राखौं, रोगबाट बचौं, सम्पत्ति जोगाऔं ।**
**कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गरी श्रोतमै न्यूनीकरण गरौं ।**

**ललितपुर महानगरपालिका**
**३ नं. वडा कार्यालय, पुल्चोक, ललितपुर ।**
**फोन नं. : ५५२८१८८, www.lmcityward3, Apps: lmcityward3**

**जथाभावी फोहोर नफालौ, संकलकलाई दिने गरौं ।**

## ललितपुर महानगरपालिका
### ३ नं. वडा कार्यालय, पुल्चोक

वडाबासीहरुको लागि स्वास्थ्य परामर्श सेवा चाहिएमा
तपसिलका डाक्टरहरुसँग फोन मार्फत समन्वय गर्न सकिनेछ ।

डा. शुशिल प्रजापति - ९८५१०९२२३६
सम्पर्क समयः हरेक शनिवार दिनको १:00 देखि २:00 बजे सम्म

डा. कृष्णगोपाल महर्जन - ९८५११२६५९६
सम्पर्क समयः हरेक बुधवार दिनको १:00 देखि २:00 बजे सम्म

## ललितपुर महानगरपालिका
### ३ नं. वडा कार्यालय, पुल्चोक

वडाबासीहरुको लागि कानुनी परामर्श सेवा चाहिएमा
हरेक शुक्रवार दिनको २:00 बजे देखि ३:00 बजे सम्म
अधिवक्ता बाबुकृष्ण महर्जनलाई
सम्पर्क राख्न सकिनेछ ।



# कृपया



# १८ वर्ष मुनिका बालबालिकालाई धुम्रपान र मद्यपान बिक्री नगरिदिनु होला ।

ललितपुर महानगरपालिका

३ नं. वडा कार्यालय, पुल्चोक, ललितपुर

# वडाबाट छपाई गरिएका सूचनामूलक सामाग्रीहरू




**जातको आधारमा आरक्षण होइन, वर्गको आधारमा हुनुपर्छ**